# ५ ख्रीष्ट र पवित्र विश्रामबार अर्थात शबाथ

*<u>यस अध्यायका मूल पदहरू:</u>* उत्पत्ति २:१-३, हिब्रू १:१-३, प्रेरित १३:१४, मर्कूस २:२३-२८, यूहन्ना ५:१-९, यशैया ६५:१७।

*<u>स्मरण गर्नुपर्ने पद:</u>* **"पवित्र विश्रामबार शबाथ मानिसको निम्ति सृजना गरिएको हो। तर शबाथ दिनको निम्ति मानिसलाई सृष्टि गरिएको होइन। त्यसैकारण मानिसको पुत्र शबाथको पनि स्वामी हो।" (मर्कूस २:२७,२८ रूमान्तरित)।**

**विश्वका अधिकांश मानिसहरू हप्ताको पहिलो दिन आइतबारलाई "विश्रामको दिन" र आराधना गर्ने दिन भनेर मान्दछन्।** (तर यथार्थमा प्रायजसो आइतबारलाई विश्राम दिन भनेर मान्नेले आइतबारमा विश्राम दिनको अर्थलाई बुझेर विश्राम लिएको पाइन्दैन)। आधुनिक इसाईहरूको बीचमा आइतबार पालन गर्नु यस्तो लोकप्रिय हुन थालेको छ कि त्यही दिनलाई परमेश्वरले अलग गर्नुभएको सत्य विश्राम वा शबाथ दिन हो भनेर आत्मसात् गरेको पाइन्छ।

तर ऐतिहासिक परिप्रेक्ष्यमा आइतबारलाई परमेश्वरले अलग गर्नुभएको विश्राम वा शबाथ दिन हो भनेर मानिएको छैन। इसाई धर्म यथार्थमा यहूदी धर्म वा आस्थामै मौलाएको हुनाले यहूदीहरूले पालन गरेका विभिन्न रीतिथिति र प्रतिकहरूलाई हत्तपत्त हटाएका थिएनन्। ती रीतिहरूमा हप्ताको सातौं दिन अर्थात् शनिवारको दिनलाई शबाथ वा विश्रामको दिन पालन गर्नु पनि एक पर्दछ। सारा विश्वले पालन गर्न छोडेको त्यो विशेष दिनलाई यहूदीहरूले पालन गरि निरन्तरता दिएको थियो। प्रथम् इसाईहरूको पैतृक वा जनकिय धर्म यहूदी नै भएकोले आफ्नो पैतृक सम्पदालाई प्रथम् शताव्धीका इसाईहरूले हटाएका थिएनन्। सुरूका इसाईहरूका धर्मशास्त्र नै पुरानो करार थियो। ती इसाईहरूलाई अगुवा गर्ने, परमेश्वरतिर तल्लिन गराउने सहारा नै पुरानो करार थियो। त्यसकारण ख्रीष्ट बौरि उठ्नुभएर स्वर्ग जानुभएको करिब सय वर्ष पछि मात्र विभिन्न ऐतिहासिक परिवेशमा इसाईहरूले आफ्नो पैतृक धर्मले अपनाएका सातौं दिन शबाथलाई हटाएर हप्ताको पहिलो

दिन आइतबारलाई कथित विश्रामको दिन मान्न थालेकोमा अचम्म मान्नु आवश्यकता देखिन्दैन। अझ कोट्याउने हो भने आइतबारलाई विश्राम वा शबाथ दिन हो भनेर आधिकारिक रूपमा घोषणा गराउने श्रेय एकताका मुर्तीपुजक तर पछि इसाई हुँ भनेर दावी गर्ने चौथौं शताब्धीको रोमको सम्राट कन्स्टनेटिनलाई दिनुपर्छ। उसैको अध्यादेशले त्यसताकाका प्रमूख धर्म इसाई धर्मका प्रायजसो अनुयायीहरूले यहूदी जातको प्रादुर्भाव हुनुभन्दा पहिले बाइबलले निर्धारण गरेको हप्ताको सातौं दिनलाई हटाएर आइतबारलाई आराधनाको दिन पालन गरेको थियो। हप्ताको सातौं दिन परमेश्वरले अलग राख्नुभएको पवित्र विश्राम दिन वा शबाथ दिन हो भनेर बाइबलले अनुमोदन गर्दा गर्दै पनि मध्यकालिन युगको प्रायजसो सबै सुधारवादको अभियान चलाउने प्रोटेस्टेन्ट इसाईहरूले आइतबारलाई नै शबाथ दिन हो भनेर पालन गर्न सिकाइएकोमा दुर्भाग्य भन्नुपर्छ।

येशू ख्रीष्ट र शबाथको विषय वस्तुलाई नियाल्ने यस अध्यायको उद्देष्य हो।

## १. यहूदी शबाथ रे? (प्रस्थान २०:८-११)

दुर्भाग्यवश धेरैजसो मै हुँ भन्ने इसाई विद्वानहरूले बाइबलमा सुरुवात गरेको हप्ताको सातौं दिन शबाथलाई "यहूदी शबाथ" भनेर पन्छाइदिएको पाउँछौं। तर तिनीहरूले यस कुराप्रति आँखा चिम्लेका छन् कि शबाथ दिनलाई विश्रामको दिन पालन गर्न परमेश्वरले दिनुभएको आज्ञा यहूदी जातको नामनिशाना हुनुभन्दा सयौं सयौं वर्ष पहिले ने थियो। शबाथ पालन गर्ने जरा खोज्दै जाने हो भनेर यस संसारको सृष्टिको इतिहाससम्मै पुग्नुपर्छ।

यस संसारमा सम्पन्न गर्नुभएको छ दिनको सारा सृष्टिपछि फुर्सद पाएर सातौं दिनमा विश्राम लिनुभएको थियो भनेर उत्पत्ति २:१-३मा बताउँदछ। त्यही दिनुमा उहाँले केवल विश्राम मात्र गर्नुभएन तर त्यस दिनलाई आशिर्वाद दिनुभयो र पवित्र वा चोखो दिन भनेर पनि हप्ताको दिनहरूभन्दा उपरोक्त दिनलाई अलग्याउनु भयो। परमेश्वरको सृष्टिमा शबाथ दिनको गरिमामय स्थान कस्तो थियो भनेर ती पदहरूले स्पष्टरूपमा देखाएको पाउँछौं। त्यस दिनलाई आशिष दिनुको साथै

पवित्र तुल्याउनु भएको अर्थ, समयको इतिहासको स्मारकमा परमेश्वरले आफ्ना केही असल गुणहरू थप्नुभएको थियो भनेर देखाउँछ।

इसाई हुँ भनेर दावी गर्दै आइतबारलाई पवित्र शबाथ मनाउने इसाईहरूको उचित छैन भनेर देहायका पदहरूले कसरी देखाउँछन्? साथै यथार्थमा ती इसाईहरूले शबाथ दिन भनेको केवल यहूदीहरूलाई मात्र हो भनेर सिकाउने विद्या गलत हो भनेर कसरी देखाउँछन्? हेर्नुहोस्: "१ यसरी आकाश र पृथ्वी र तिनमा भएका सबै कुरा बनाइसिद्धिए। २ आफूले गर्नुभएका काम छैटौं दिनमा परमेश्वरले सिद्ध्याउनुभयो। र सातौं दिनमा आफूले गर्नुभएका सबै कामबाट उहाँले विश्राम लिनुभयो। ३ अनि परमेश्वरले सातौं दिनलाई आशिष् दिनुभयो र त्यसलाई पवित्र तुल्याउनुभयो, किनभने आफूले सृष्टिमा गर्नुभएका सारा कामबाट यसै दिनमा उहाँले विश्राम लिनुभयो।" (उत्पत्ति २:१,२) "शबाथ-दिन पवित्र मान्नुपर्छ भनी याद राख्नू। ९ छ दिनसम्म परिश्रम गरेर आफ्ना सबै काम गर्नू, १० तर सातौंचाहिँ दिन परमप्रभु तिमीहरूका परमेश्वरको निम्ति शबाथ-दिन हो। त्यसमा तिमीहरूले केही काम नगर्नू, न त आफ्नो छोराले, न छोरीले, न कमारा-कमारीले, न गाईबस्तुले, न मूल ढोकाभित्र भएको परदेशीले केही काम गरोस्। ११ किनकि छ दिनमा परमप्रभुले आकाश, पृथ्वी, समुद्र र तिनमा भएका सबै थोक बनाउनुभयो, तर सातौं दिनमा चाहिँ विश्राम गर्नुभयो। त्यसकारण परमप्रभुले शबाथदिनलाई आशिष् दिनुभयो, र त्यसलाई पवित्र गर्नुभयो।" (प्रस्थान २०:८-११) व्यवस्था ५:१२-१५ "परमप्रभु आफ्ना परमेश्वरले आज्ञा गर्नुभएबमोजिम शबाथ-दिन पवित्र राख्न याद राख्नू। १३ छ दिनसम्म परिश्रम गरेर आफ्ना सबै काम गर्नू, १४ तर सातौंचाहिँ दिन परमप्रभु तिमीहरूका परमेश्वरको निम्ति शबाथ हो। त्यसमा तिमीहरूले केही काम नगर्नू। आफ्ना छोराछोरी, कमारा-कमारी, गोरु, गधा कुनै पशुले सहरभित्र भएको परदेशीले पनि केही काम नगरोस्। आफ्ना कमारा र कमारीले तिमीहरूसँग विश्राम गरून्। १५ तिमीहरू मिश्रमा कमारा हुँदा कसरी परमप्रभु तिमीहरूका परमेश्वरले आफ्नो बाहुबल र फैलिएको पाखुरा प्रयोग गरी तिमीहरूलाई निकालेर ल्याउनुभयो, सो याद राख। यसैकारण परमप्रभु तिमीहरूका परमेश्वरले शबाथ मान्न तिमीहरूलाई आज्ञा गर्नुभएको हो।"

शबाथ किन मान्नु पर्छ वा पालन गर्नुपर्छ भनेर दुई किसिमको वाख्या उपरोक्त दुई अंशहरूले दिन्दछन्। तर ती दुईमा केही हदसम्म शबाथ पालन गर्ने कारण फरक देखाइको छ। प्रस्थानको पुस्तकले शबाथको बारेमा उत्पत्तिको पुस्तकलाई औँल्याउछ। उत्पत्ति २:३मा भनिएको छ कि परमेश्वरले शबाथलाई आशिष दिनुभयो र पवित्र बनाउनुभयो। तर शबाथ पालन गर्नुपर्ने कारण इस्राएलीहरूलाई इजिप्तको दासत्वबाट छुटकारा गरिएको कारण यहूदीहरूले शबाथ पालन गर्नुपर्छ भनेर ब्यवस्था ५:१५मा उल्लेख गरिएको छ। त्यसैकारण यही व्यवस्था ५:१५लाई आधारित बनाएर अधिकांश इसाईहरूले शबाथ केवल यहूदीहरूको निम्ति मात्र हो र येशूको मृत्युपछि त्यसको औचित्य समाप्त भयो भनेर धुरन्धरूपमा सिकाउँछन्। तर त्यस तर्कले प्रस्थानको पुस्तकले उत्पत्तितिर औँल्याएर शबाथ सृष्टिको स्मारक हो भन्ने गरिमामय ज्ञानलाई सरासर वेवास्ता गर्दछ।

निसन्देह व्यवस्था ५:१५ले इस्राएलीहरूलाई इजिप्टको दासत्वबाट छुटकारा गरेको औँल्याउँछ। यथार्थमा हामी इसाई भएको नाताले पापको दासत्वबाट छुटाकारा पाएर ख्रीष्टमा मुक्तिको सहभागी हुन पाएको स्मारकको रूपमा शबाथलाई लिन सकिन्छ। त्यसकारण शबाथ दुवै सृष्टि र मुक्तिको प्रतिक हुन्। ती दुई विषयवस्तुहरू एक आपसमा कसरी गाँसिएको छ भनेर बाइबलमा उल्लेख गरिएको छ (हिब्रू १:१-३, कलस्सी १:१३-२०, यूहन्ना १:१-१४। येशू ख्रीष्ट हाम्रो सृष्टिकर्ता हुनुभएकोले उहाँ हाम्रो मुक्तिदाता पनि हुनुभएको छ। र सातौं दिन शबाथ दुवै कामहरूलाई औँल्याउने प्रतिक हो।

**ख्रीष्टमा विश्राम पाएको छु भनेर जसले पनि दावी गर्न सक्छ। शबाथप्रति सम्मान गरेर त्यसालाई पालन गर्दा तपाईंले कस्तो विश्राम पाउनु भएको छ, के तपाईंले अनुभव गर्नुभएको छ?**

## २. विश्राम र उपासनाको समय (लूका ४:१६)

**येशू यस संसारमा मानव** रूप धारण गर्नुभन्दा पहिला नै यस संसारको सृष्टिमा उहाँ प्रत्यक्ष्य रूपमा आबद्ध हुनुभएको थियो भनेर कलस्सी १:१६ र हिब्रू १:२मा खुलासा गरिएको छ। सारा सृष्टिमा भएका जीव जीवातहरूमा उहाँद्वारा नै जीवित भएका थिए। त्यत्तिमात्र

होइन, हाम्रो आँखाले नदेखेका अदृष्य तत्वहरूको सृष्टिमा पनि उहाँको सहभागिता थियो भनेर पावलले कलस्सी १:१४,१७मा बताउँछन्। ती नदेखिने तत्वहरूमा शाबथ पनि एक हो भन्न सकिन्छ। सारा सृष्टिका केन्द्रविन्दु येशू नै हुनुहुन्थ्यो। जब उहाँले मानव चोला लिनुभयो तब उहाँले आफूलाई परमेश्वर पिताका आज्ञाहरूको दायरामा रहन स्वइच्छाले समर्पण गर्नुभयो (यूहन्ना १५:१०)। सबै मानव परम्पारालाई येशूले स्वीकार गर्नुभएको थिएन भनेर अघिल्ला पाठहरूमा हामीले हेऱ्यौं। त्यसैकारण प्रत्येक मानविय संस्कारलाई उहाँले सच्याउन खोज्नु भएको थियो जसले परमेश्वरको इच्छासम्मत चलेको थिएन। यदि परमेश्वर नै सृष्टिकर्ता हुन् भन्ने प्रमाण दिने शाबथलाई उहाँले हटाउन चाहनुभएको भए उहाँले हटाउनु हुन्थ्यो। सातौं दिन शाबथलाई रद्द गर्ने अवसर उहाँले धेरै पाउनु भएको थियो।

पुरानो करारमा शाबथको बारेमा दिएका प्रायजसो पदहरूमा त्यो दिनको अर्थ विश्राम लिनु हो भनेर सम्बोधन गरिएको छ। वर्तमान भाषामा विश्रामको अर्थ केही नगर्ने केवल सुतेर बस्ने र आराम गर्ने भनेर कतिले भन्छन् होला। त्यो किसिमको क्रियाकलापा लाग्न म पनि केही हदमा रमाइलो नै लाग्छ। तर विश्रामको सत्य अर्थचाहिँ रोक्नु वा अडिनु हो। छ दिनसम्म नियमित कामबाट रोकेर सनातन सृष्टिकर्ता परमेश्वरसँग विशेष समय बिताउन शाबथलाई छुट्याइएको हो।

ख्रीष्टको पालामा यहूदीहरूले प्रत्येक शाबथ नियमित रूपमा धार्मिक सेवाकार्य चलाउँथे (लूका ४:१६)। यरुशलेममा रहने मानिसहरू प्रत्येक शबाथ मन्दिर वा आराधना स्थलहरूमा विषेश किसिमको प्रार्थना र अरू सेवाकार्यहरू हुन्थे जुन् हप्ताभरि गरिने भन्दा केही फरक थियो। विश्वमा छरिएर बसेका यहूदीहरूले सिनिगग वा आराधना गर्ने स्थलको निर्माण गरेका थिए। त्यो स्थान परमेश्वरको सेवा गर्ने र साथै सामाजिक भेटघाटको निम्ति प्रयोग गरिन्थ्यो। शाबथ दिनमा चाहे दश जना यहूदी पुरुषहरूमात्र किन नहोस् त्यस स्थलमा धार्मिक सेवा कार्य हुन्थ्यो। त्यस दश जनालाई हिब्रू भाषामा मिनियन (minyan) भनिन्छ।

**सबभन्दा सुरूका इसाईहरूले शाबथ दिनको पालन गर्दथे भनेर देहायका पदहरूले स्पष्ट रूमा बताउँछन्। ती पदहरूमा इसाई हुँ भनेर**

दावी गर्नेहरूले गरेका शाबथको औचित्य समाप्त भएर येशूको पुनरुत्थानको गरिमामय सम्झनामा आइतबार पालन गर्न फेरिएको हो भन्ने दावी बाइबल सम्मत छैन भनेर कसरी दिएका छन् सो पनि चिन्तन गर्नुहोस्: प्रेरित १३:१४,४२,४४ "तर तिनीहरू पर्गाबाट निस्केर पिसिदियाको एन्टिओखियामा आए, र शबाथमा सभाघरभित्र गएर बसे।... पावल र बारनाबास सभाघरबाट निस्केर जान लाग्दा आउँदो शबाथमा पनि यी कुरा सुनाइदेऊन् भनी मानिसहरूले तिनीहरूलाई बिन्ती गरे।..... अर्को शबाथमा झण्डै सम्पूर्ण सहर परमेश्वरको वचन सुन्नलाई उल्टेर आयो।", प्रेरित १६:१३ "अब शबाथमा सहरको ढोकाबाट बाहिर नदी किनारमा गयौं, किनकि त्यहाँ प्रार्थना गर्ने ठाउँ छ भनी हामीले अनुमान लगाएका थियौं, र त्यहाँ हामी बस्यौं र जम्मा भएका स्त्रीहरूसँग बातचित गर्न लाग्यौं।", प्रेरित १७:१-३ "पावल र सिलास अम्फिपोलिस र अपोल्लोनियाको बाटो भएर थेसलोनिकेमा आए। त्यहाँ यहूदीहरूको एउटा सभाघर थियो।पावल आफ्नो आदतअनुसार तिनीहरूकहाँ भित्र गए, र तीन सातासम्म धर्मशास्त्रबाट तिनीहरूसँग बहस गर्दैरहे। ख्रीष्टलाई अवश्य दुःख भोग्नु र मृतकबाट जीवित हुनुपर्थ्यो, र यी नै येशू, जसको सुसमाचार म तपाईंहरूलाई सुनाउँछु, उहाँ नै ख्रीष्ट हुनुहुन्छ" भन्ने कुराको अर्थ खोलिकन तिनले प्रमाणित गरिदिए।", १८:४ "हरेक शबाथमा तिनी सभाघरमा बहस गर्थे, र यहूदी र ग्रीकहरूलाई बुझाउने प्रयत्न गर्थे।" र हिब्रू ४:९-११ "यसकारण परमेश्वरका जनहरूका निम्ति शबाथको विश्राम बाँकी नै छ। १० किनकि परमेश्वरको विश्राममा प्रवेश गर्ने जोसुकैले पनि आफ्नो परिश्रमदेखि विश्राम गर्छ, जसरी परमेश्वरले आफ्नो परिश्रमदेखि विश्राम लिनुभयो।११ यसकारण हामी त्यस विश्राममा प्रवेश गर्नलाई प्रयत्न गरौं, र त्यस्तै किसिमको अनाज्ञाकारिताद्वारा कोही पनि पतित नहोस्।"

निसन्देहः सुरूका इसाईहरू यहूदी वंशका भएका हुनाले शाबथ दिनमा पुरानो करारको आदेश अनुसार परमेश्वरको आराधाना गर्ने चलन स्वभाविकै थियो। येशूको पुनरुत्थान भएको करिब २० वर्ष पछि पनि पावलले शाबथ वा शनिवारको दिन सिनिगग जाने आफ्नो चलन जारी राखेका थिए (प्रेरित १७:२)। प्रथम् इसाईहरूले सातौं दिन शाबथलाई

रद्द गरेर आइतबारको दिन पवित्र मान्न थालियो भन्ने सबुत प्रमाण बाइबलमा दिएको पाइन्दैन।

## ३. रमाइलो गर्ने दिन (मर्कूस २:२७,२८)

धेरै जसो शबाथको गरिमामयलाई सम्मान गर्छु र पालन गर्छु भन्नेहरूले शाबथलाई कसरी मान्ने भन्ने विषयमा ज्ञानै छैन। जसरी येशूको समयमा फरिसी पण्डितहरूले गरेका थिए आज पनि कतिपय मानिसहरूले शाबथलाई विभिन्न कडा र कट्टर नियमहरू भित्र राखेर बन्दी बनाएका छन्। फेरि कतिपयले शाबथलाई अरू दिन जस्तै हलका रूपमा लिएर बिताउँछन्। शाबथ त आनन्दको दिन हुनुपर्छ बोझिलो होइन। तैपनि त्यस दिनमा पवित्र दिनको आभास प्राप्त भइरहनुपर्दछ।

यस संसारको माटोमा येशू हिँडिरहनुभएको बेलामा यहूदी धार्मिक पण्डितहरूले शाबथको विधि पालन गर्न उनान्तिस वटा थप आज्ञाहरू आफैले आविष्कार गरेका थिए। ती ३९वटा नीतिहरू पालन गर्न सक्यो भने शाबथ सिद्ध रूपमा पालन गरेको ठहर्छ भनेर ती पण्डितहरूको राय थियो। त्यसको फलस्वरूप ती नीतिहरू असलै नियतले बनाएतापनि शाबथको दिन आनन्दको दिनको सट्टा धेरैको निम्ति भारी भएको थियो।

**एक शबाथ येशूका चेलाहरू बारी भएर जान्दै थिए। तिनीहरूले केही अन्नहरू फलिरहेको बालाहरूबाट झिकेर खान्दै थिए। चियो गर्ने फरिसीहरूले तिनीहरूको त्यस कामप्रति आपत्ती जनाएका थिए। बाइबलका कुनचाहिँ नीति तिनीहरूले तोडिरहेका थिए? के चेलाहरूसँग सहमत भएर येशूले  तिनीहरूले जस्तै गरेका थिए? मर्कूस २:२३-२८ लाई केलाएर पढ्नुहोस्।**

हुन सक्छ शावथको सेवाकार्यपछि येशू र उहाँका चेलाहरू खेतबारी हुँदै गइरहेका थिए र तिनीहरू भोकाएका थिए। चेलाहरू भोकले रन्थनिएकोले होला खेतमा भएको बालाको केही अन्नहरू हातमा टिपेर मार्दै खान्दै थिए। त्यो तिनीहरूको खेत त थिएन। तैपनि तिनीहरूको त्यो कामलाई मोशाको व्यवस्थाले अनुमती दिएको थियो (व्यवस्था २३:२५)। तर फरिसीहरूले चेलाहरूको कामलाई अर्कै

ढङ्गमा वाख्या गर्न पुगेका थिए। शाबथमा खनजोत र कटानी गर्न मोशाको नीतिले मनाही गरिएको छ (प्रस्थान ३४:२१)। चेलाहरूले बालाहरूबाट केही अन्नहरू लिएर खाएको कामलाई तिनीहरूले खनजोत गरेको र कटानी गरेको भनेर चियो गर्ने पण्डितहरूले तिनीहरूलाई दोषी ठहऱ्याए। येशू आफैले अन्न लिएर खानुभएको थियो भनेर उल्लेख गरेको छैन। तर चेलाहरूको पक्षमा उभिनु भएर ती पण्डितहरूको आरोपको प्रत्यारोप गर्नुभएको थियो। भोकाएको बेलामा दाउदले पनि परमेश्वर को मन्दिरमा छिरेर पवित्र रोटी खाएका थिए भनेर येशूले ती फरिसी पण्डितहरूलाई स्मरण गराउनु भएको थियो। (परमेश्वरको पवित्र मन्दिरमा भएको रोटी पुजारीले बाहेक अरूले खान मनाही गरेको थियो र दाउद पुजारी थिएन। राजा शावलले उनलाई लखेट्ने क्रममा उनी भागी रहेका थिए। र भोकले रन्थनिएको बेलामा मन्दिरमै पसेर पवित्र रोटी खाएर आफ्नो भोक मेटाएका थिए)।

मानिसको निम्ति शाबथ बनाइएको हो भनेर येशूले मर्कूस २:२७,२८मा शाबथको बारेमा स्पष्ट धारणा राख्नुभएको थियो। अर्को शब्दमा भन्ने हो भने शाबथ दिनलाई नै पूजा आराधना गर्ने होइन तर त्यस दिनमा परमेश्वरको विशेष उपासना गर्न अवसर मिलोस भनेर त्यो दिन छुट्याइएको थियो। परमेश्वरले मानिसको वृहत्तर हितको निम्ति विभिन्न वरदानहरू दिनुभएको छ। परमेश्वरबाट पाएका वरदानहरू मानिसलाई दुःख दिन होइन। त्यसरी नै शाबथ पनि मानिसको सर्वोहितको निम्ति परमेश्वरले दिनुभएको वरदान हो। अनेकौं नीतिहरू लादेर त्यो दिन मानिसलाई भारी बनाउने होइन बरू त्यो दिन विश्राम गर्न र परमेश्वरमा पाएको पक्का स्वतन्त्रताको अनुभूति पाउन सृजना गरिएको थियो। साँच्चिनै ख्रीष्ट येशूमा हामीले पाएको शान्ति, विश्राम र पापबाट पाएको स्वतन्त्रताको अनुभवको प्रदर्शन गर्न मानिसको जीवनमा शाबथ धरोहरको रूपमा खडा भइरहेको छ।

**शाबथको दिनमा तपाईंले के के कामहरू गर्न सक्नुहुन्छ जुन् अरू दिनहरूमा सरलसँग गर्न सकिन्दैन? शाबथको विशेष अर्थलाई गहिरिएर सोच्नुहोस्।**

## ४. शरीरलाई स्वस्थ बनाउने समय (लूका १३:१६)

जब परमेश्वरले यस संसारलाई सृष्टि गर्नुभएको थियो, त्यो सृष्टिलाई देखेर आफू संतुष्ट भएर सबै थोक धेरै असल थियो भनेर उहाँले सम्बोधन गर्नुभएको थियो (उत्पत्ति १:३१)। उहाँको सृष्टि हरतरहमा सिद्ध थियो भन्ने कुरामा द्विविधा थिएन। तर जब यस धर्तीमा पापको प्रवेश भयो, परमेश्वरको सृष्टि दुष्टताले गर्दा तहसनहस हुनपुग्यो। नर र नारी जात परमेश्वरको आफ्नै स्वरूपमा सृष्टि भएको थियो। तर तिनीहरू बिमार हुन थाल्यो र मर्न पनि थाल्यो। पाप त मानिसको जीवनको एक भाग हो भन्ने प्रचलन लोकमा छ। तर यथार्थमा सुरूको सृष्टिलाई नियालेर हेर्‍यौं भने मृत्यु जीवनको भाग थिएन। हामीले मृत्युको अनुभव गरून् भन्ने परमेश्वरको चाहना कहिल्यै पनि भएको थिएन।

यदि मानिसप्रति परमेश्वरको सुरूको योजना के थियो भनेर सम्झन सक्यौं भने शाबथमा ख्रीष्टले नाटकिय ढङ्गमा बिमारीहरूलाई निको पार्नुभएको कामप्रति हामी अचम्म मान्नु आवश्यकता देखिन्दैन।

**येशूले शाबथ दिनमै शारीरिक कष्ट भोगीरहेका मानिसहरूलाई निको पार्नुभएको केही घट्नाहरू हेरौं र शाबथमा गरिएका अचम्मको चङगाइका कामहरूले त्यस दिनको सत्य उद्देष्य के रहेछ भनेर तिनीहरूबाट सिकौं। मर्कूस ३:१-६** "पछिबाट फेरि उहाँ सभाघरमा पस्नुभयो। त्यहाँ सुकेको हात भएको एक जना मानिस थियो। २ कतै उहाँले त्यसलाई शबाथ-दिनमा निको पार्नुहुन्छ कि भनी उहाँलाई दोष लाउन मानिसहरू उहाँको चेवामा थिए। ३ तब उहाँले सुकेको हात भएको मानिसलाई भन्नुभयो, "यता आऊ।" ४ उहाँले तिनीहरूलाई भन्नुभयो, "शबाथ-दिनमा भलो गर्नु कि खराबी गर्नु, प्राण बचाउनु कि नाश गर्नु, कुनचाहिँ उचित छ?" तर तिनीहरू चूप लागिरहे। ५ तिनीहरूका हृदयको कठोरतामा दु:खित भई क्रोधित भएर उहाँले तिनीहरू सबैलाई हेर्नुभयो अनि त्यस मानिसलाई भन्नुभयो, "तिम्रो हात पसार।" त्यसले हात पसार्‍यो र त्यसको हात निको भयो। ६ तब निस्केर गई उहाँलाई कसरी नाश पारौं भनी फरिसीहरूले तुरुन्तै हेरोदीहरूसँग उहाँको विरुद्धमा मतो गरे।", लूका १३:१०-१७ "एक शबाथ-दिन कुनै एउटा सभाघरमा उहाँले शिक्षा दिइरहनुभएको थियो।

११ त्यहाँ एउटी स्त्री थिई, जसलाई अठार वर्षदेखि दुर्बल पार्ने दुष्टात्मा
लागेको थियो। त्यो कुप्री परेकी थिई, र आफै पूर्ण रूपले सीधा हुन
सक्दिनथिई। १२ येशूले त्यसलाई देख्नुभयो, र बोलाएर भन्नुभयो "ए
नारी, तिमी आफ्नो दुर्बलताबाट मुक्त भयौ।" १३ तब उहाँले त्यसमाथि
आफ्ना हात राख्नुभयो, र त्यो तुरुन्तै सीधा भई र परमेश्वरको प्रशंसा
गर्न लागी। १४ सभाघरका शासक क्रोधित भए, किनकि येशूले
शबाथमा निको पार्नुभएको थियो, र तिनले मानिसहरूलाई भने, "काम गर्ने
छ दिन छन्। यसकारण यी छ दिनभित्र आएर निको होओ, शबाथ-
दिनमा होइन।" १५ तर प्रभुले जवाफ दिनुभयो, "कपटी हो!
तिमीहरूमध्ये कसले शबाथ-दिनमा गोठ र तबेलाबाट आफ्नो गोरु कि
गधा फुकाएर पानी खुवाउन लैजाँदैन? १६ अब्राहामकी यो छोरी जो
अठार वर्षसम्म शैतानको बन्धनमा थिई, शबाथ-दिनमा यस बन्धनबाट
त्यो मुक्त हुनुपर्ने होइन र?"। १७ उहाँले यी कुरा भन्नुभएपछि उहाँका
विरोधीहरू सबै शर्ममा परे, तर उहाँले गर्नुभएका सबै महिमामय
कामहरूमा मानिसहरू आनन्दित भए।", यूहन्ना ५:१-९ "त्यसपछि
यहूदीहरूको चाड थियो, र येशू यरूशलेममा जानुभयो। २ यरूशलेममा
भेड़ा-ढोकाको नजिक पाँच वटा दलान भएको एउटा जल-कुण्ड छ,
जसलाई हिब्रू भाषामा बेथस्दा भनिन्छ। ३ त्यहाँ अनेक रोगीहरू,
अर्थात्– अन्धा, लङ्गड़ा, पक्षाघातीहरू पस्रिरहन्थे। [तिनीहरू पानी कति
बेला छचल्किन्छ भनेर पर्खिरहन्थे। ४ किनभने परमप्रभुका एउटा दूतले
बेला-बेलामा जल-कुण्डमा ओर्लेर पानी हल्लाइदिन्थे, र पानी
छचल्किएपछि जो पहिला पानी भित्र पस्थ्यो, जस्तै रोगले ग्रस्त भए पनि,
त्यो निको भइहाल्थ्यो।] ५ त्यहाँ अठतीस वर्षदेखि बिरामी भएको एक
जना मानिस थियो। ६ येशूले त्यसलाई त्यहाँ पस्रिरहेको देख्नुभयो अनि
लामो समयदेखि त्यो यस दशामा रहेछ भनी जानेर येशूले त्यसलाई
भन्नुभयो, "के तिमी निको हुन चाहन्छौ?" ७ रोगीले उहाँलाई भन्यो
"हजूर, जुन बेला पानी छचल्काइन्छ मलाई जलकुण्डमा हालिदिने मेरो
कोही मानिस छैन, म जाँदाजाँदै मभन्दा अगाडि अर्को मान्छे पानीमा
ओर्लिहाल्छ।" ८ येशूले त्यसलाई भन्नुभयो, "खड़ा होऊ, र आफ्नो
ओछ्यान उठाऊ, र हिँड़।" ९ तुरुन्तै त्यो मानिस निको भयो, र आफ्नो
ओछ्यान बोकी ऊ हिँड़िहाल्यो। त्यो दिन शबाथ-दिन थियो। १०

यसकारण निको पारिएको त्यस मानिसलाई यहूदीहरूले भने, “यो त शबाथ-दिन हो, तिमीलाई ओछ्यान बोक्नु उचित छैन।” ११ त्यसले तिनीहरूलाई जवाफ दियो, “जसले मलाई निको पार्नुभयो उहाँले नै भन्नुभयो, ‘आफ्नो ओछ्यान बोकेर हिंड़’।” १२ तिनीहरूले त्यसलाई सोधे, “तिमीलाई ओछ्यान बोकेर हिंड़ भन्ने मानिस को हो?” १३ तर निको भएको त्यस मानिसले उहाँ को हुनुहुन्थ्यो भनी चिनेको थिएन, किनभने त्यस ठाउँमा भीड भएको हुनाले येशू त्यहाँबाट गइसक्नुभएको थियो।" र यूहन्न ९:१-१४ “त्यहाँबाट जाँदैगर्दा येशूले एक जना जन्मैको अन्धालाई देख्नुभयो। २ उहाँका चेलाहरूले उहाँलाई सोधे, “रब्बी, कसले पाप गऱ्यो, यसले कि यसका आमा-बुबाले, र यो अन्धो जन्म्यो?” ३ येशूले जवाफ दिनुभयो, “न त यसले पाप गऱ्यो न यसका आमा-बुबाले, तर यो यस हेतुले भयो कि परमेश्वरको काम यस मानिसको जीवनमा प्रकट होस्। ४ मलाई पठाउनुहुनेका कामहरू हामीले दिन छँदै गर्नुपर्छ। रात आउँछ, जब कसैले काम गर्न सक्दैन। ५ म संसारमा रहुञ्जेल म संसारको ज्योति हुँ।” ६ यी कुरा भनेर उहाँले भूइँमा थुक्नुभयो, र थूकले माटो मुछेर लेप बनाई त्यसका आँखामा लगाइदिनुभयो। ७ अनि उहाँले त्यसलाई भन्नुभयो, “जाऊ, सिलोआमको (जसको अर्थ हो, पठाइएको) तलाउमा गएर पखाल।” त्यसले गएर पखाल्यो, र देख्ने भएर फर्क्यो। ८ त्यसका छिमेकीहरू र त्यसलाई भीख मागेको देख्नेहरूले भने, “बसेर भीख माग्ने मान्छे के यही होइन?” ९ कसै-कसैले भने, “यो त्यही हो।” अरूले भने, “होइन, यो त्यहीजस्तो देखिन्छ।” त्यसले भन्यो, “म त्यही हुँ।” १० तब तिनीहरूले त्यसलाई सोधे, “तेरा आँखा कसरी खोलिए त?” ११ त्यसले जवाफ दियो, “येशू भन्ने एक जना मानिसले माटोको लेप बनाएर मेरा आँखामा लगाइदिएर मलाई भन्नुभयो, ‘सिलोआममा जाऊ र पखाल।’ तब गएर मैले पखालें, र म देख्ने भएँ।” १२ तिनीहरूले त्यसलाई भने, “तिनी कहाँ छन् त?” त्यसले भन्यो, “म जान्दिनँ।” १३ अघि अन्धो हुने त्यस मान्छेलाई तिनीहरूले फरिसीहरूकहाँ ल्याए। १४ जुन दिन येशूले माटोको लेप बनाएर त्यसका आँखा खोलिदिनुभएको थियो त्यो शबाथ-दिन थियो।"

शबाथ दिनमा गर्नुभएको प्रत्येक चङ्गाइको काम अत्यन्त अचम्मको थियो र त्यसले शबाथको सत्य अर्थलाई साक्षात्कार रूपमा देखाएको थियो। पक्षाघात हात भएको मानिसलाई निको पार्नु भन्दा पहिले येशूले आराधना गरिरहेका सबै मानिसहरूलाई लक्षित गरेर सोध्नुभएको थियो, “के शबाथमा असल गर्नु वैध छ कि खराब गर्न, बचाउन कि मार्न?" (मर्कूस ३:१-६)। यदि स्वतन्त्र दिनमा (शबाथले हामी पापबाट स्वतन्त्र पायौं भन्ने स्मरण गराउने भएकोले यस दिनलाई सच्चा स्वतन्त्र दिवसको दिन भने पनि हुन्छ। यस दिनले ६ दिन जे गरेतापनि हामी मुक्ति पाउँदैनौं तर मुक्ति सृष्टिकर्ता परमेश्वरमा आस्था राखेर उहाँको आराधना गर्दामात्र पाउँछ भनेर शबाथले देखाएको अरू स्मारकहरूमा एक पनि हो-अनुवादकको राय) मानिसलाई कष्टबाट राहत दिन्छ भने किन नदिने? (शबाथ मानिसलाई राहत दिन सृष्टि गरिएको हो, आहत दिन होइन)। शबाथमा कुप्रिएको महिलालाई ख्रीष्टले निको पार्नुभएकोले त्यस दिनको मूल उद्देष्य के हो भनेर अत्यन्त प्रभावकारी रूपमा देखाउँछ (लूका १३:१०-१७)। शबाथमा निको पार्ने काम गर्नुभएकोमा फरिसीहरूले येशूलाई शबाथको गरिमामयलाई तोड्नुभयो भनेर गम्भिर आरोप लगाएका थिए। तिनीहरूको आलोचनालाई सुनेर येशूले तिनीहरूलाई भन्नुभयो “यस महिला अब्रहामको वंशबाट आएकी हुन्। तर शैतानले उनलाई १८ वर्षसम्म आफ्नो कब्जामा राखेर उनलाई अपाङ्ग राख्यो।" अनि उहाँले तिनीहरूलाई यो प्रश्न गर्नुभयो “अपाङ्गको बन्धकमा परिरहेकी यस महिलालाई शबाथको दिनमा त्यस बन्धकबाट स्वतन्त्र गर्नु पर्दैन र?" (लूका १३:१६ रूपान्तरित)।

बेथशैदाको पोखरीमा ३८ वर्षसम्म पूरै शरीर पक्षाघातले कष्ट पाएर लडिरहेको मानिसलाई येशूले निको पार्नुभएको सन्दर्भले पनि शबाथ दिन पापबाट स्वाधिन बनाउने दिन हो भनेर प्रस्तुत गर्दछ (यूहन्ना ५:१-९)। शबाथै दिनमा जन्मैदेखि अन्धो भएको मानिसलाई येशूले निको पार्नुभएको वृतान्तले पनि शबाथको दिनमा मानिसहरूलाई कष्टबाट राहत दिन छुट छ भनेर देखाइएको छ (यूहन्ना ९:१-१४)। शबाथ दिनमा निको पार्ने आश्चर्य काम गर्नुभएर त्यस दिनको गरिमामयलाई येशूले तोड्नुभयो भनेर फरिसीहरूले लगाएका आरोपको

खण्डन गर्दै उहाँले भन्नुभयो "यस दिनमा मेरा पिताले सधैं काम गर्नुहुन्छ। त्यसैको अनुसरण गरेर मैले पनि काम गरिरहेको छु।" (यूहन्ना ५:१७ रूपान्तरित)। यदि शबाथ दिनमा कोही पनि निको नहोस् भनेर परमेश्वरले चाहनुभएको भए त्यस दिनमा कोही पनि निको हुने थिएन। जब मानिसको कष्टलाई कम गर्ने काम हुन्छ भने परमेश्वरले त्यसबाट विश्राम लिनुहुन्न।

**शबाथको सृष्टिकर्ता येशूलाई लक्षित गरेर धर्मगुरू वा धर्मलाई रक्षा गर्ने भनेर जिम्मा लिएका मानिसहरूले उहाँको कामप्रति गम्भिर आपत्ती जनाएका थिए। हामीहरूले पनि शबाथको दिनको यथार्थ नबुझी आफ्नै तर्कहरू अघि सारेर शबाथले सिकाएका स्पष्ट सत्यलाई ओझेलोमा त पारेका छैनौं?**

## ५. नयाँ सृष्टि (यशैया ६५:१७)

शबाथले परमेश्वरको सृष्टि गर्ने क्षमता र मानिसलाई स्वस्थ बनाउने कबूलहरूलाई पनि औंल्याउँछ। प्रत्येक पल्ट जब येशूले शबाथ दिनमा चङ्गाई गर्नुभयो त्यस बेला अनन्त जीवनमा मानिसहरूलाई पुनउद्धार गर्नुहुनेछ भन्ने बाचालाई दोहोऱ्याइको थियो। शबाथले पृथ्वीको सृष्टिको पहिलो बिहानीलाई सम्झना गराउँछ भने त्यसले हामीहरूको भावी भविष्यको सम्झना गराएर परमेश्वरप्रति हामीहरूको आस्था विशेषरूपमा दरिलो पार्दछ। त्यसले गर्दा शबाथ दिनले सृष्टि र मुक्तिलाई औंल्याउँछन्। मुक्तिको योजनाको मूल लक्ष्यचाहिँ केवल यस पृथ्वीको जिर्णोद्धार गर्नेमात्र होइन। त्यो भन्दा उल्लेखनीय उद्देष्यचाहिँ मानिसमा हुनुपर्ने परमेश्वरको प्रतिरूप पापले गर्दा ध्वस्तभएको फिर्तादिइनेछ। अनि त्यस प्रतिरूप वा स्वभावले गर्दा मानिसहरू नयाँ पृथ्वीमा रहन पुःन सक्षम हुन जानेछ। अनि नयाँ सृष्टि गरिएको पृथ्वीमा उहाँको कामको उत्सव प्रत्येक साता मनाइनेछ। (प्रत्येक हप्ताको विशेष दिन हामीहरूको सृष्टिको स्मरण गर्न परमेश्वरले अऱ्हाउनुभएको वचनलाई गहिरिएर सोच्नुहोस्)।

**शबाथको सच्चा अर्थ केसँग जोडिएको छ भनेर देहायका पदहरूले देखाएको विशेष सन्देशले हामीलाई के भन्छ सो सोच्नुहोस्। यशैया ६५:१७ ""हेर, म नयाँ आकाश र नयाँ पृथ्वी सृष्टि गर्नेछु।**

अघिअघिका कुराहरूको सम्झना हुनेछैन, न त ती मनमा आउनेछन्।", यशैया ६६:२२ "जसरी नयाँ आकाश र नयाँ पृथ्वी, जो म बनाउनेछु, ती मेरै सामुन्ने रहिरहनेछन्," परमप्रभु भन्नुहुन्छ, "त्यसरी नै तिमीहरूको नाउँ र तिमीहरूका सन्तान रहिरहनेछन्।", २ पत्रुस ३:९-१३ "आफ्नो प्रतिज्ञाको बारेमा प्रभु ढिलो गर्नुहुन्छ भन्ने कसै-कसैको भनाइ भए तापनि उहाँ ढिलो गर्नुहुन्न, तर कोही पनि नष्ट नहोस्, तर सबै जनाले पश्चात्ताप गरून् भन्ने इच्छा गरेर प्रभु तिमीहरूप्रति धैर्यवान् हुनुहुन्छ। १० तर प्रभुको दिन त चोरजस्तै गरी झट्टै आउनेछ, जसमा आकाशचाहिँ ठूलो आवाजसाथ बितिजानेछ, तत्त्वहरू आगोको रापले पग्लिनेछन्, र पृथ्वी र त्यसमा भएका सबै थोक भस्म हुनेछन्। ११ यी सबै कुराहरू यसरी पग्लन्छन् भन्ने जानेर पवित्रता र भक्तिको जीवनमा तिमीहरू कस्ता किसिमका मानिस हुनुपर्छ? १२ तिमीहरू परमेश्वरको दिन प्रतीक्षा गर्दछौ, र त्यस दिनलाई नजिक ल्याउन चाहन्छौ, जुन दिन आकाशहरू जलेर भस्म हुनेछन्, र तत्त्वहरू आगोको रापमा पग्लनेछन्। १३ तर उहाँको प्रतिज्ञाबमोजिम हामी नयाँ स्वर्ग र नयाँ पृथ्वीको बाटो हेर्छौं, जसमा धार्मिकताले वास गर्छ।", प्रकाश २१:१ "तब मैले नयाँ आकाश र नयाँ पृथ्वी देखें, किनकि पहिलो आकाश र पहिलो पृथ्वी बितिगएका थिए। समुद्र त अब छँदैथिएन।", १ कोरन्थी ५:१७ "यसकारण कोही ख्रीष्टमा छ भने त्यो नयाँ सृष्टि हो। पुरानो बितिगएको छ, हेर, नयाँ आएको छ।", गलाती ६:१५ "न त खतनाको केही महत्त्व छ, न बेखतनाको, तर नयाँ सृष्टि नै सब थोक हो।" र प्रकाश २१:५ "सिंहासनमा विराजमान हुनुहुनेले मलाई भन्नुभयो, "हेर, म सबै कुरा नयाँ तुल्याउँछु।" उहाँले यसो पनि भन्नुभयो, "यो लेख, यी कुराहरू भरपर्दा र सत्य छन्। सिंहासनमा विराजमान हुनुहुनेले मलाई भन्नुभयो, "हेर, म सबै कुरा नयाँ तुल्याउँछु।" उहाँले यसो पनि भन्नुभयो, "यो लेख, यी कुराहरू भरपर्दा र सत्य छन्।"

शबाथले "यो घोषणा गर्दछ कि उहाँ अर्थात् येशूले सारा स्वर्ग र पृथ्वी सृष्टि गर्नुभयो। सबै तत्वहरू उहाँले नै सम्हालिरहनुभएको छ। उहाँ चर्चको पनि मूली हुनुहुन्छ। उहाँकै शक्तिले हामी सबैलाई परमेश्वरकहाँ फर्काउनुहुन्छ।......हामीलाई पवित्र बनाउन ख्रीष्टमा शक्ति छ भनेर देखाउने चिन्ह शबाथ हो। ख्रीष्टबाट पवित्र बनिने सबैलाई

उहाँले शबाथ दिनुभएको छ। शबाथले परमेश्वरमा शुद्ध गराउने शक्ति छ भनेर देखाउने भएकोले नै जो जो इस्राएलको परमेश्वरसँग सहभागी हुन्छ त्यसलाई शबाथ दिइएको छ।"-एलेन जी ह्वाइट, द डिजाएर अभ एजेज, पृ. २८८, २८९बाट रूपान्तरित।

**शबाथको दिनमा तपाईंले के उपयोगी कामहरू गर्न सक्नुहुन्छ जसले तपाईंमा परमेश्वरको पवित्र वा शुद्ध गर्ने शक्ति छ भनेर देखाउँदछ? दिनदिनै तपाईं के गर्नु सक्नुहुन्छ जसले गर्दा तपाईं ख्रीष्टमा बढ्न वा घट्न सकिन्छ?**

## उपसंहारः

"स्वर्गमा भएको महान् मतभेदको संघर्षको सुरूदेखि नै शैतानले परमेश्वरको व्यवस्था अर्थात् विधिको शासनलाई फैंक्न भरमग्दुर प्रयास गरिरहेको छ। आफ्नो उद्देष्यलाई सफल पार्न शैतानले सृष्टिकर्तासँगै नै जोदी खोजी विद्रोह गर्न सुरू गरेको थियो। परमेश्वरसँग विद्रोह गरेकोले शैतानलाई स्वर्गबाट फ्याकिएको थियो। तर स्वर्गमा सफल नभएको विद्रोह यस पृथ्वीमा सैतानले जारी राखेको छ। परमेश्वरको व्यवस्था वा दश आज्ञालाई भङ्ग गर्नुपर्छ भनेर शैतानले जिकिर गर्दछ। त्यही जिकिरलाई आत्मसात् गरेर शैतानले मानिसहरूलाई धोका दिन र परमेश्वरको व्यवस्थालाई तोडाउने उद्देष्यलाई बलजफ्ती बोकेर शैतान मात्तिरहेको छ। चाहे पूरा व्यवस्था वा दश आज्ञालाई तोड्ने होस् वा आँशिक रूपमा तोड्ने होस् त्यो सबैको परिणाम एकै हो। यदि कसैले परमेश्वरको आज्ञाको कुनै भागलाई तोडियो भने त्यसले पूरै आज्ञाको खिलाफमा छ भनेर देखाउँदछ। त्यस व्यक्तिको क्रियाकलाप, प्रभाव र उदाहरणले त्यो मानिस पापको पक्षमा उभिरहेको छ भनेर प्रमाणित गर्दछ। त्यसले गर्दा उसले सबै आज्ञाहरू भङ्ग गर्ने दोषी भएको ठहर्छ। याकूब २:१०।"-एलेन जी ह्वाइट, *द ग्रेट कन्त्रोभर्सी,* पृ. ५८२बाट रूपान्तरित।

## चिन्तनमननः

अ. माथि उल्लेख गरिएको एलेन जी ह्वाइटको मन्तव्यलाई फेरि हेर्नुहोस्। यस अध्यायको भूमिकामा वाख्या गरिएको विषयलाई

उपरोक्त वाक्यले पूर्णरूपमा परिभाषित गर्दछ। शबाथ र शबाथको विषयलाई लिएर क्रिश्चियन भनाउँदाहरूले हवाला दिँदा परमेश्वरको पूरा व्यवस्था अर्थात् दश आज्ञाप्रति आक्रामक नीति लिइरहेका छन् भनेर त्यस मन्तव्यले कसरी खुलासा गर्दछ?

**आ.** येशूले शबाथलाई भङ्ग गर्नुभयो भनेर फरिसी पण्डितहरूले लगाएको आरोप मर्कूस ३:२, लूका १३:१४, यूहन्ना ५:१८ र यूहन्ना ९:१६मा हामीले पढ्यौं। प्रस्थान २०:८-११ पढ्नुहोस्। के कुरा उहाँले तोड्नुभयो सो नियालेर पढ्नुहोस्। येशूले शबाथको गरिमामयलाई निकम्मा तुल्याउनु भयो भनेर आरोप गर्नेहरूले ती पदहरूबाट के प्रमाण लिन खोज्दछन्?

**इ.** सांसारिक जीवनमा नियमीत रूपमा गरिने कामबाट शबाथमा नगर्नाले कस्तो खालको विश्रामको अनुभव तपाईंले गरिरहनुभएको छ? अरू दिनमा नगर्ने काम शबाथमा गर्दा त्यस दिनलाई विशेष महत्त्वको रूपमा तपाईंले कसरी लिइरहनुभएको छ?

**ई.** शबाथमा हुने अनुभवको समिक्षा गर्नुहोस्। के शबाथ तपाईंको निम्ति विश्राम र स्वतन्त्रको दिन भएको छ कि? व शबाथ आउने वित्तिकै तपाईं दिक्क मान्नुहुन्छ वा नोकर जस्तै खटिएको र तनावको स्थितिको अनुभव गर्नुहुन्छ? शबाथ रमाइलो दिन मान्न र त्यसलाई रमाइलो बनाउन तपाईंले के गर्न सक्नुहुन्छ? यशैयाले के भनेका थिए हेर्नुहोस् "यस दिनमा काम नगर्नु। मेरो पवित्र दिनमा तिमीले जे चाह्यौ त्यही नगर। शबाथ दिन तिम्रो निम्ति रमाइलो गर्ने दिन होस्। मेरो पवित्र दिनको सम्मान गर। त्यस दिनमा काम नगर्नु। तिमीलाई जे मनपर्‍यो त्यही यस दिनमा न गर्नु। बेकारको हँस्सी उडाउने खालका गफगाफ यस दिनमा नगर्नु।" यशैया ५८:१३ (रूपान्तरित)।